# प्रेस विज्ञप्ति

नेपाल आयल निगम संचालक समितिको मिति २०७९।०३।११ मा बसेको बैठकको निर्णय अनुसार मिति २०७९।०३।११ को राती १२:०० बजे देखि लागू हुने गरी पेट्रोलको साविकको खुद्रा विक्री मूल्यमा प्रति लिटर रु.२०।- ले घटाई रु.१७९।- र डिजेल/मट्टितेलको साविकको विक्री मूल्यमा प्रति लिटर रु.२९।- ले घटाई रु.१६३।- कायम गरिएको र हवाई इन्धन (आन्तरिक तथा बाह्यको खुद्रा विक्री मूल्य भने हाललाई यथावत नै राख्ने गरी निगमबाट भएको मूल्य समायोजन प्रति यस संघको ध्यानाकर्षण भएको छ ।

अन्तर्राष्ट्रिय बजार बमोजिम IOC ले निगमलाई रक्सौलमा उपलब्ध गराउने करमुक्त खरीद मूल्यमा सरकारको अत्याधिक राजश्व तथा निगमको अत्याधिक नाफाका कारण नेपालमा हवाई ईन्धनको मूल्य छर छिमेकी मुलुकको तुलनामा निक्कै महँगो रहेको छ । लगातार विगत दुई वर्ष देखि कोभिड महामारीको कहर तथा त्यस अवधिमा ८ महिना हवाई सेवा पूर्ण रुपमा बन्द हुदाँ वायुसेवाहरु सबै भन्दा बढि मारमा परेका छन् । बिदेशी पर्यटकहरु आगमनमा खासै सुधार हुन सकेको छैन । बायुसेवाहरु Sustain गर्न कै लागि सस्तो न्यून भाडामा आफ्ना सेवा संचालन गर्न वाध्य छन् ।

हवाई संचालन खर्चको ४० प्रतिशत हिस्सा हवाई इन्धनको हुने गरेको छ । कोरोनाको मारमा परेका वायुसेवा उद्योगलाई पुनः स्थापित गर्न भारत, चीन लगायतका विभिन्न मुलुकहरुले हवाई ईन्धनमा ५० प्रतिशत सम्म अनुदान दिने व्यवस्था गरेका छन् । नेपालमा पनि हवाई तथा पर्यटन उद्योगलाई धारासायी हुनबाट बचाउन हवाई ईन्धनको अस्वभाविक मूल्यलाई विश्व बजारको मूल्यसँग समायोजन हुनु जरुरी रहेको छ ।

अतः विगत देखि नै यस संघवाट तहाँ लगायत नेपाल सकारका विभिन्न निकायहरुमा अनुरोध गर्दै आए बमोजिम हवाई ईन्धनको खुद्रा मूल्यमा सरकारी राजश्व घटाएर नेपाल आयल निगमले रु.१०।- प्रति लिटर भन्दा बढी मुनाफा नहुने गरी हवाई इन्धनको मूल्य समायोजनका लागि नेपाल सरकार तथा सम्वन्धित निकायमा यस संघले पुन : अनुरोध गरेको छ ।

मिति २०७९।०३।१२

योगराज कंडेल शर्मा
प्रवक्ता